Received Date: June 2023 Revised: July 2023 Accepted: Aug. 2023

# नेपाली संसद र संसदीय पत्रकारिताका आठ दशक

**जगत नेपाल**
उप-प्राध्यापक
त्रि. वि. रत्न राज्यलक्ष्मी क्याम्पस
Email: jagatnepal@gmail.com
DOI: 10.3126/hj.v14i2.59068

**सार**

*प्रस्तुत अनुसन्धानात्मक लेख नेपालमा राणाकालदेखि शुरु भएको संसदीय अभ्यास र जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसदको गरिमा वढाउन प्रेसले पुऱ्याउदै आएको योगदानका बिषयमा केन्द्रीत छ । राणा शासनको अन्तिम कालखण्डबाट मुलुकमा संसदीय अभ्यास आरम्भ भएदेखि नै नेपाली मिडियाले यसका कामकारवाहीबारे जनतालाई सुसूचित गर्ने भूमिका खेल्दै आएको छ । नागरिक अधिकार, प्रजातन्त्र र प्रेस स्वतन्त्रता नभएको, गोरखापत्र वाहेक अरु मिडिया नरहेको, शासकको हुकुम नै कानून सरह हुने भएकाले राणाकालमा संसद नाम मात्रको संस्था थियो । २००७ सालको क्रान्तिबाट राणा शासन अन्त्य भएर मुलुकमा प्रजातन्त्र स्थापना भएपछि प्रेसमैत्री वातावरण वन्यो । त्यसयता २००७ देखि २०८० को अवधिमा सल्लाहकारसभा, प्रतिनिधिसभा र महासभा, राष्ट्रिय पञ्चायत फेरी प्रतिनिधिसभा र राष्ट्रियसभा, पुनर्स्थापित प्रतिनिधिसभा, व्यवस्थापिका संसद, संविधानसभा हुँदै नेपालमा संघीय संसद र प्रादेशिक संसदको अभ्यास भैरहेको छ । यि कालखण्डमा नेपाली प्रेसले जनप्रतिनिधिहरुका काम कारवाहीबारे जनतालाई सत्य, तथ्य, विश्वसनीय सूचना प्रवाह गर्दै देश र जनताको पक्षमा काम गर्न सचेत गराउने, संसदका महत्वपूर्ण मुद्दाहरुमा मुद्दाहरुमा बहस चलाएर संसद र सांसदहरुलाई जनताप्रति उत्तदायी वनाउने भूमिका निर्वाह गर्दै आफूलाई संसदको अभिन्न अंकका रुपमा स्थापित गरेको छ । पछिल्लो समय संसद र प्रेस एक अर्काका परिपूरकका रुपमा रहेका छन् । संसदले प्रेसलाई आमन्त्रित सदस्यका रुपमा महत्व दिदै संसद र संसदीय समितिका बैठकमा सम्मानजनक स्थान दिने गरेको छ ।*

**शब्द कुञ्जी :** गणतन्त्र, पत्रकारिता, राजतन्त्र, लोकतन्त्र, संसद ।

## परिचय

संसद जनप्रतिनिधिहरुको सर्वोच्च संस्था हो । प्रजातान्त्रिक शासन व्यवस्थामा जनताले आफ्ना जनप्रतिनिधिमूलक संस्था संसदमार्फत् सार्वभौम अधिकारको प्रयोग गर्दछन् (सत्याल, २०४८) । संसदसंग कानून बनाउने, बजेट र करको दायरा निर्धारण गर्ने, सरकार वनाउने र नियन्त्रण गर्ने, देश र जनताका जल्दाबल्दा मुद्दामा वहस चलाएर नीति निर्माण गर्ने अधिकार हुन्छ (दाहाल, २०६८) । लोकतान्त्रिक शासन प्रणाली भएका मुलुकहरूमा संसद जनताप्रति उत्तरदायी हुन्छ र सरकार संसद् तथा जनताप्रति जवाफदेही हुन्छ भन्ने मान्यता रहँदैआएको छ (ढुंगाना, २०७३) । प्रजातन्त्रको जननी बेलायतबाट १३ औं शताव्दीको अन्त्यतिरबाट संसदीय अभ्यास प्रारम्भ भएको मानिन्छ । बेलायती संसदले सन् १२१५ मा ऐतिहासिक ‘म्याग्नाकार्टा’ घोषणा-पत्र पारित गरी राजाका अधिकारमा भारी कटौती गर्दै शासन सत्तामा जनताको अधिकार स्थापित गरेदेखि संसदलाई जनताको सर्वोच्च प्रतिनिधिमूलक संस्था मानिएको हो (सुवेदी, २०७३) । बेलायतमा राजा र संसदवीचको लामो संघर्षको इतिहास छ । सन् १६२० मा राजा चार्ल्स प्रथमले भङ्ग गरेको संसद ११ वर्षपछि पुनर्स्थापना भएपछिका

दिनमा संसदीय पत्रकारिता प्रारम्भ भएको पाइन्छ । त्यहाँ संसद र प्रेसबीच ठूलो संघर्षको इतिहास छ । सत्रौं शताव्दीमा संसदका कामकारवाही समेटिएका न्यूजलेटर र पर्चा छापेर वितरण गरिन्थ्यो । सन् १७३१ देखि 'जेन्टलम्येन' र सन् १७३२ देखि 'लण्डन म्यागेजिन' ले लगातार छद्म नाममा संसद गतिविधि प्रकाशन गरेर संसदीय पत्रकारिताको जग हाल्न ठूलो योगदान गरे (दाहाल, २०६८) संसदका गोप्य सूचना पत्रिकामा छापिएपछि आफ्नो विशेषाधिकार हनन भएको भन्दै संसद प्रेसमाथि खनिन थाल्यो (सुवेदी, २०७३) । संसदीय रिपोटिङ गरेकै अभियोगमा पत्रकारहरु जेल परे । कतिले पेशा नै छोड्नु पर्‍यो (भण्डारी, २०७३) । संसदका कामकारवाही सार्वजनिक गर्नुलाई अपराध मान्न थालियो (खरेल, २०७३) । संसद र प्रेसबीच सूचना गोप्य राख्ने र सार्वजनिक गर्ने होड चलिरह्यो । संसदबारे जनचासो बढ्दै गएपछि केही पत्रकारहरुले छद्मभेषी आवरणमा सदनका काम-कारवाही र छलफलको विस्तृत विवरण पत्रिकामा छापेर पाठक माझ पुर्‍याउने थाले । अनि संसदको सूचना सार्वजनिक गर्ने पत्रकारको खोजी हुन थाल्यो । पत्रकारको प्रवेशमा कडाई गरिएपछि दर्शक दीर्घामा बसेर स्मरणका आधारमा कथा लेख्ने अभ्यास भयो । संसदले त्यस्ता लेखकको खोजी गर्‍यो तर उसको प्रयास सफल भएन । त्यो घटनाले बेलायतमा संसदीय समाचार प्रतिको चासो झनै बढेर गयो । त्यसपछि सांसदका काम-कारवाही गोप्य राख्नु पर्छ भन्ने धारणा फेरियो । जनचासोको कदर गर्दै संसदभित्र पत्रकारहरुका लागि छुट्टै स्थान (पत्रकार दीर्घा) को व्यवस्था भयो (खरेल, २०७३) । पत्रकारहरुको उपस्थितिलाई विशेष आकर्षण मान्न थालियो । यसरी संसद र प्रेस दुवैले आफ्नो धर्म र मर्यादाभित्र रहेर देश र जनताको हितका पक्षमा योगदान गर्नुपर्छ भन्ने मान्यता स्थापित हुन पुगेको हो । जनप्रतिनिधिहरुले कसैको डर, त्रास र प्रभावबाट मुक्त भएर आफ्नो कर्तव्य बहन गर्दै संसदको मर्यादा राख्न सकून् भनेर सांसदहरुलाई विशेषाधिकार प्रदान गरिएको हुन्छ (दाहाल, २०६८) । आधुनिक लोकतन्त्रमा सत्य, तथ्य, विश्वसनीय सूचनाका आधारमा जनतालाई सूसूचित गर्ने सामाजिक उत्तरदायित्व वहन गर्दै संसद तथा सांसदहरुको आलोचना गर्ने दायित्व प्रेसलाई छ (म्याक्वेल, २०६८) । त्यसैले लोकतान्त्रिक शासन प्रणालीको सफलताका लागि संसद र प्रेस एक प्रतिस्पर्धी नभएर परिपूरकका हुन भन्ने मान्यता स्थापित छ ।

**सैद्धान्तिक आधार**

यो आलेख राज्यका तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकापछि मिडियाले चौथो अङ्गको रुपमा लोकतान्त्रिक शासन प्रणालीलाई सबल बनाउन महत्वपूर्ण भूमिका खेल्छ भन्ने सिद्धान्तमा आधारित छ । अठारौं शताव्दीको अन्त्यतिर बेलायती राजनीतिज्ञ इडमुन्ड बुर्के (Edmund Burke) ले राज्यको चौथो अंगका रुपमा मिडियाले भूमिका निर्वाह गर्छ भन्ने विचार अघि सारेपछि प्रेसको महत्व झन् झन् बढेको पाइन्छ ( म्याक्वेल, २०६९) । लोकतान्त्रिक समाजमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको निर्वाध उपभोग गर्न सकिने भएकै कारण प्रेसले समाजको ऐन, पहरेदार र आवाजविहीनको आवाज प्रतिनिधित्व गर्दै आएका कारण वीसौं शताव्दीको शुरुदेखि पत्रकारहरुले जहाँ पाइला टेके, त्यहाँ स्वतः चौथौ अंगको उपस्थिति मान्न थालिएको छ ( खरेल, २०७३) । सांसदहरुले सदनमा जनआवाजको प्रतिनिधित्व गर्छन्, जनताको हितमा वोल्छन् भन्ने विश्वास गरिन्छ र संसदका काम कारवाहीबारे सूचना दिने, गल्ती कमजोरी सच्याउन खबरदारी गर्ने, मुद्धाहरुमा बहस चलाएर स्वस्थ जनमत निर्माण गर्ने भएकाले संसदको महत्व र गरिमा वढाउनका लागि प्रेसलाई लोकतन्त्रको अभिन्न अंगका रुपमा हेर्ने गरिएको पाइन्छ ।

## अध्ययन विधि र सीमा

प्रस्तुत लेख पूर्व प्रकाशित सामाग्रीहरुको अध्ययन, संसदका प्रकाशन, उद्देश्यमूलक अन्तर्वार्ता, विभिन्न पत्रपत्रिकामा प्रकाशित सामाग्रीहरुको अध्ययनका आधारमा तयार पारिएको छ । लेखनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## भारदारीसभा र मिडिया

राणा शासनको अन्तिम कालखण्डसम्म आइपुग्दा पनि नेपाली जनताको त कुरै छोडौं, शासक वर्गमा समेत संसद परिकल्पना बाहिरको विषय थियो । प्रधानमन्त्री जुद्ध शमशेरले भाई पद्म मशमशेरलाई सत्ता हस्तान्तरण गर्ने बेलामा भनेका थिए – मेरै भाइभारदार समेत नेपालमा पार्लियामेन्ट बन्नुपर्छ भन्छन् तर समुद्रले नछोएको मुलुकमा कसरी पार्लियामेन्ट बन्न सक्छ (नेपाल, २०७२) ?' राणा शासकको हुकुम नै कानून हुने त्यो समय कानून बनाउने, खारेज गर्नेदेखि मृत्युदण्ड दिने जस्ता अधिकार शासकमा निहीत थियो । राणा प्रधानमन्त्रीको हुकुम नै कानून मानिन्थ्यो । जुद्धशमशेरपछिका प्रधानमन्त्री पद्मशमशेरले जारी गरेको मुलुकको पहिलो लिखित संविधान 'नेपालको बैधानिक शासन २००४' को धारा २२ मा श्री ३ महाराज, राष्ट्रसभा र भारादारीसभालाई संसद् मानिएको थियो । त्यो संविधान जारी भएको तीन वर्ष नपुग्दै राणा शासनको अन्त्य र प्रजातन्त्र बहालीका लागि नेपाली कांग्रेसले सशस्त्र क्रान्ति शुरु गऱ्यो । राजा त्रिभुवन सपरिवार भारतको शरणमा गए । राजालाई फिर्ता गराउने प्रयास असफल भएपछि २००७ साल कात्तिक २२ गते भाई भारदार र सल्लाहकारसभाको निर्णयका आधारमा राजालाई हटाएर उनका नाबालक नाती ज्ञानेन्द्रलाई श्रीपेच पहिऱ्याउने निर्णय भएको खबर सार्वजनीक भयो । त्यसको भोलिपल्ट कात्तिक २३ गते (सन् १९५० नोभेम्बर ८) को अंकमा गोरखापत्रले छापेको समाचारको अंश यस्तो थियो-गद्दी खाली नराख्ने प्रचलनकै कारण राजाको मृत्यु भएमा उनका उत्तराधिकारीलाई गद्दीमा बसाएर मात्र स्वर्गवासी राजाको अन्तिम संस्कार गर्ने प्रचलन रहि आएको हो । राजाले विदेशी दुतावासमा शरण लिइ देशको बेइज्जत गरेको, युवराज र उनका जेठा छोरालाई समेत साथै लगेका कारण श्री ५ का माहिला नाती ज्ञानेन्द्र शाहलाई राजा बनाउने निर्णय गर्नु परेको हो ।

कात्तिक २२ गते (नोभेम्वर ७) का दिन विहान ७ बजे भारदार र संसद् सदस्यहरूलाई सिंहदरबारमा जम्मा गरी खाली कागजमा हस्ताक्षर गराइएको थियो । सही गर्नेहरुमध्ये धेरैले गोरखापत्रमा संसद् सदस्य र प्रमुख पदाधिकारीहरूको सर्वसम्मतिबाट ५ ज्ञानेन्द्रलाई राजा वनाएको खवर छापिएपछि मात्र अघिल्लो दिन के प्रयोजनका लागि आफूले हस्ताक्षर गरेको रहेछु भन्ने चाल पाएका थिए (अधिकारी, २०७१) । पत्रपत्रिका प्रकाशनको प्रचलन भर्खर शुरु भएकाले भारदारीसभा वारे धेरै समाचार प्रकाशित भएको पाइँदैन (सुवेदी, २०७३) । नेपाली कांग्रेसको शसस्त्र क्रान्ति उत्कर्षमा पुगेपछि भारतको मध्यस्थतामा राणा, कांग्रेस र राजाबीच राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना गर्ने सहमति भयो । २००७ साल पुष २३ गते फेरि भारदारीसभाको बैठक बोलाएर राजा त्रिभुवनलाई नै राजा मान्ने कागजमा सदस्यहरुलाई सही गराइयो । नाबालक ज्ञानेन्द्रलाई राजा बनाउने निर्णय गरेको १ सय ३ दिनपछि फेरी उनै भारदारहरुले त्रिभुवनलाई राजा स्वीकार गर्ने निर्णयमा सहमति छ भन्ने व्यहोराको कागजमा सबैले हाँसी-हाँसी हस्ताक्षर गरेका थिए (गौतम्, २०५५) । त्यो समाचारलाई पनि गोरखापत्रले महत्वका साथ समाचार बनाएको पाइन्छ ।

**सल्लाहकार सभाको अभ्यास**

नेपालमा गोरखापत्रको प्रकाशनसँगै पत्रकारिता प्रारम्भ भएको मानिएपनि २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि मात्र प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण पाएको हो । क्रान्तिको सफलतापछि राजा त्रिभुवनले दुई वर्षभित्र संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरुले वनाएको संविधानका आधारमा शासन सत्ता चलाउने घोषणा गर्दै चुनाव नहुञ्जेलसम्मका लागि संसदका रुपमा सल्लाहकारसभाको गठन गरेका थिए । २००७ साल फागुन ७ गतेको शाही घोषणामा राजाले संविधानसभाको निर्वाचन गराउने अहिले हाम्रो इच्छा र निर्णय भएकाले भन्ने वाक्यांश प्रयोग गरेका थिए । त्यो बेला राजाले 'अहिले' भन्ने शब्द किन प्रयोग गरे ? त्यसको अर्थ के हुन सक्छ भन्ने कुराको कसैले ध्यान दिएन ? कतिपय विश्लेषकहरुको विचारमा राजाले योजनाबद्ध र सांकेतिक रूपमा त्यो शब्द राखेका थिए । अहिले इच्छा भएकाले भनेर उल्लेख गर्नुमा भोली नहुन पनि सक्छ र निर्णय बदलिन सक्छ भन्ने राजाको आसय लुकेको थियो (रिसाल, २०७९ भदौ २) ।

जे होस्, २००७ को क्रान्तिपछि निर्वाचित संसद नबनुञ्जेलका लागि व्यवस्थापिकाका रुपमा गठन गरिएको सल्लाहकारसभाबाट नेपालमा संसदीय रिपोटिङको अभ्यास प्रारम्भ भएको हो । तोकिएको समयमा चुनाव नभएका कारण २००९, २०११ र २०१५ गरी तीन वटा सल्लाहकारसभा गठन भए । शुरूमा ३५ सदस्य रहेको यो सभाको संख्या ५६ हुँदै १०६ सम्म पुऱ्याइएको थियो (शर्मा, २०१६) । सिंहदरबार स्थित ग्यालरी बैठकबाट तीनवटै सल्लाकारसभाको रिपोटिङ गरेका पत्रकार भैरव रिसालको भनाईमा शिक्षा, चेतना, यातायात, दक्ष जनशक्ति, विज्ञापन, वजार, प्रविधि, वितरण प्रणाली र मिडिया मैत्री वातावरणको अभावमा त्यो बेला पत्रकारिता फष्टाउन सकेन । २००७ को संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरिएकाले पत्रिका खोल्ने होड वढेपनि राजनीतिक दल र नेताहरुले आफ्नो स्वार्थका लागि उपयोग गर्ने उद्देश्यका लागि मात्र मिडियामा लगानी गरेकाले त्यो कालखण्डमा खुलेका अधिकांश पत्रिका दल र नेताका मुखपत्र थिए (नेपाल, २०५७) । पढेका पत्रकार थिएनन्, न त कसैसँग संसदीय रिपोर्टिङको अनुभव नै थियो । संसदीय अभ्यास भनिए पनि सल्लाहकारसभाले प्रधानमन्त्री भन्दा दरवारलाई सहयोग गर्ने गरेको थियो (रिसाल, २०७३) । तर संसदीय व्यवस्थावारे न पत्रकार जानकार थिए, नत प्रजातान्त्रिक व्यवस्थाका लागि आवश्यक पर्ने शिक्षित र चेतनशील जनताको बाहुल्यता नै थियो । सरकार बनाउने, सरकारमाथि नियन्त्रण र सन्तुलन गर्ने, बजेट पारित गर्ने अधिकार सल्लाहकार सभालाई थिएन । बाढीपहिरो, आगलागी, सुख्खापन जस्ता जनताका मुद्दा सल्लाहकार सभामा उठ्ने गर्थे र सञ्चार माध्यमले राजनीतिभन्दा यस्ता विषयलाई प्राथमिकताका साथ प्रकाशन-प्रशारण गर्ने गरेका थिए (रिसाल, २०७९ भदौ २)। सत्य, तथ्यको आधारमा आलोचना गर्नु प्रेसको धर्म भए पनि राजनीतिक दल र नेताकै लगानीमा खुलेका पत्रिकामा उनीहरुका कार्यकर्ता नै पत्रकारको भूमिकामा रहेकाले आफू समर्थक दलको समर्थन र विरोधीको तिखो आलोचना गर्ने रोगले नेपाली पत्रकारिता ग्रसित हुन पुग्यो ।

**प्रथम निर्वाचित संसद**

नेपालमा २००७ देखि २०१७ साल बीचको नेपाली पत्रकारिता राजनीतिक आग्रह पूर्वाग्रहको संक्रामक रोगबाट प्रभावित थियो । अधिकांश पत्रिका राजनीतिक दल र विभिन्न संघ संस्थाको आर्थिक सहयोगमा उनीहरुकै मुखपत्रका रुपमा सञ्चालन हुनु नै त्यसको मुख्य कारण थियो । निष्पक्ष भन्न रुचाए पनि त्यो कालखण्डमा सत्य, तथ्य, विश्वसनीय सूचना प्रवाह गर्ने दायित्व निर्वाहमा नेपाली प्रेस चुक्यो (नेपाल, २०५७) । आफू समर्थकलाई आँखा चिम्लेर समर्थन गर्नु र विपक्षीको तीव्र आलोचना गर्नु त्यो युगको पत्रकारिताको

विशेषता थियो । पत्रकारहरुमा शिक्षा र अनुभवको कमी हुनु, लगानीको वातावरण नहुनु, शिक्षित र सचेत उपभोक्ताको कमी आदी कारणले गर्दा प्रजातन्त्र स्थापनापछि पनि नेपाली प्रेस व्यवसायिक हुन सकेको थिएन । नेपाली जनताको अभिमतबाट पहिलो पटक चुनिएको संसदको पहिलो बैठक २०१६ असार १६ गते मध्यरातमा शुरु भएकाले त्यसको समाचार रेडियो नेपालले भोलिपल्ट मात्र प्रशारण गर्न पायो । पत्रिकाहरुमा १७ गते बेलुका मात्र नेपाली इतिहासमै पहिलो पटक निर्वाचित संसदको पहिलो बैठक बसेको समाचार छापियो । सिंहदरबारमा अड्डाको काम सकेर घर फर्किने कर्मचारीलाई लक्षित गरी ती दिन पत्रिका बेलुका मात्र छापिन्थे (रिसाल, २०७९ भदौ २) ।

पहिलो संसदमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा र महासभा गरी दुई सदन थिए । संसद् भवन (ग्यालरी बैठक) मा बिहान महासभा र दिउँसो हुने प्रतिनिधिसभाको बैठकको रिपोटिङ गर्न चाहने पत्रकारका लागि प्रेस पास र पाँच सिट क्षमताको छुट्टै दीर्घा वनाइएको थियो । पत्रकारिताको सैद्वान्तिक ज्ञान भएका पत्रकार थिएनन् । के समाचार दिने, के नदिने भन्ने छुट्टाउन सम्पादकलाई पनि अप्ठेरो हुन्थ्यो । पाका पत्रकार भैरव रिसालको भनाईमा आम पत्रकारका लागि त्यो बेलाको पत्रकारिता बाल्यकालमा केटोकटीको खेल जस्तो थियो । कहिले मिल्थ्यो, कहिले मिल्दैनथ्यो । नयाँ व्यवस्था, नयाँ अभ्यास भएकाले सिक्ने र जान्ने उत्सुकता प्रायमा हुन्थ्यो । रेडियो नेपाल, गोरखापत्र र हालखबरका पत्रकार रिपोर्टिङका लागि नियमित संसदमा जान्थे ( रिसाल, २०७३) । प्रधानमन्त्री, मन्त्री र सांसदहरु तयारीका साथ प्रस्तुत हुन्थे । संसदमा हुने व्यङ्ग्य र घोचपेचका समाचार पत्रिकाहरुले निक्कै महत्वका साथ बक्स न्यूज बनाएर छाप्ने गर्थे ।

सभामुख कृष्णप्रसाद भट्टराई पत्रकार थिए । रिपोर्टिङ गर्न कुनै पत्रकारलाई बाधाअड्चन थिएन । संसद्को काम कारबाहीबारे द्विविधा भए उनीहरु सिधै सभामुखलाई नै सोध्ने गर्थे । सांसदहरू पत्रकारलाई निक्कै महत्व दिन्थे जनतामा विचार पुर्‍याउन सहयोग पाउने अपेक्षाका साथ । त्यो बेलाका पत्रपत्रिकाको अध्ययन गर्दा सांसदहरुले गोरेटो, घोरेटोबाटो, खानेपानी, हुलाक, बाढीपहिरो, प्राथमिक विद्यालय, प्राथमिक स्वास्थ्य चौकी, जस्ता माग राखेको देखिन्छ (नेपाल, २०७३) । पहिलो संसद्मा रिपोर्टिङ अधिकृतका रूपमा काम गरेका पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको भनाईमा पत्रकारहरू सांसदहरुसंगै लबिमा पस्न पाउँथे । पत्रकार रमेशनाथ पाण्डे प्रायः प्रधानमन्त्री बीपी कोइरालालाई प्रश्न गर्न दौडिएका देखिन्थे भने प्रमुख मर्यादापालक इन्दु शमशेर राणा पाण्डेलाई रोक्न खोज्थे (श्रेष्ठ, २०७६ असार ११)। पाँच वर्षका लागि निर्वाचित पहिलो संसद् १८ महिना भन्दा वढी चल्न सकेन । राजा महेन्द्रले २०१७ साल पुष १ गते संसद भंग गरी निर्दलीय व्यवस्थाको सूत्रपात गरे ।

**राष्ट्रिय पञ्चायतमा पत्रकारिता**

निर्दलिय शासन प्रणाली शुरु भएपछि संसदका रुपमा राष्ट्रिय पञ्चायतको अभ्यास शुरू भयो । प्रारम्भिक दिनमा राष्ट्रिय पञ्चायतमा रिपोर्टिङ गर्ने अनुमति प्रेसलाई थिएन । पत्रकारहरु राष्ट्रिय पञ्चायतभित्र जान पाउथे । तर आफै रिपोर्टिङ गरेर लेख्न पाउदैनथे (रिसाल, २०७९ असार २५) । सरकारी सञ्चार माध्यमहरुमा समेत राष्ट्रिय पञ्चायत सचिवालयले पठाएको तयारी सामाग्रीलाई सामान्य सम्पादन गरेर समाचार बन्थ्यो (रिसाल, २०७९ भदौ २) । त्यो बेला सरकार कति अनुदार थियो भन्ने बारे पत्रकार भैरव रिसालले भनेका छन्- फलानो दिन राष्ट्रिय पञ्चायतमा बजेट पेश हुँदैछ भनेर मैले लेखेको समाचार समेत पञ्चहरुलाई पचेन । समाचारमा कति अङ्कको बजेट आउदैछ भन्ने केही उल्लेख थिएन । पञ्चहरुले राससलाई कारबाही गर्ने कुरा उठाए (रिसाल, २०७३) । रिसालले आफूले समाचार लेखेकाले किन राससलाई किन कारबाही गर्ने ? समाचार

मैले दिएको हो । मलाई कारबाही गरे हुन्छ भनेपछि राससलाई कारबाही त भएन । पञ्चहरु कति अनुदार थिए भन्ने यो घटनाले देखाउँछ ।

२०३६ सालमा वालिग मताधिकारका आधारमा जनताले निर्दल र वहुदल मध्ये एक रोज्न पाउने गरी राजाले जनमत संग्रहपछि प्रेस माथिको बन्देश क्रमशः खुकुलो हुँदै गयो । २०३८ सालदेखि मिडियाहरु आफ्नै श्रोतबाट राष्ट्रिय पञ्चायतको समाचार प्रयोग गर्न सक्ने भए (खरेल, २०७३) । रिपोर्टिङ गर्न पाए पनि पञ्चायतकालभर राजा र राजतन्त्र विरुद्व लेख्न पाइँदैनथ्यो । निकै होसियारीका साथ काम गर्नु पर्थ्यो (रिसाल, २०७९ भदौ २)।

## प्रजातन्त्र पुनर्स्थापनापछिको संसदीय अभ्यास

पहिलो जननिर्वाचित संसद भंग भएको तीस वर्षपछि २०४८ सालको आम निर्वाचनबाट मुलुकमा फेरि संसदीय अभ्यास प्रारम्भ भयो । २०४७ सालको संविधान र त्यसपछि वनेका प्रेस मैत्री कानून, दक्ष जनशक्ति, लगानीको वातावरण, शिक्षित पाठक, श्रोता, दर्शक तथा प्रविधि र पहुँचको विकासका कारण छोटो समयमै मिडिया उद्योगको स्वरुप स्थापित हुदै गयो (बिरही, २०६०) । राजनीतिक, सामाजिक, सांस्कृतिक मुद्दामा वहस चलाउदै जनमत निर्माण गर्ने, संसदका र सरकारका काम कारवाही माथि निगरानी गर्दै जनताप्रति उत्तरदायी वनाउने साझा मञ्चका रुपमा नेपाली प्रेस स्थापित हुँदै थियो । संसद तथा संसदीय समितिका बैठक र सूचनामा पत्रकारको पहुँच स्थापित हुन हुँदै गयो (ढुंगाना, २०७९ भदौ १६) ।

प्रजातन्त्र पुनर्स्थापनापछि २०४८, २०५१ र २०५६ गरी तीन वटा संसदको अभ्यास भयो । यो अवधिमा नेपाली मिडियाले संसदलाई सर्वाधिक महत्व दिएर समाचार प्रकाशन-प्रशारण गरेको पाइन्छ । २०४८ देखि २०५९ सम्म एकाधबाहेक संसदीय समितिमा पत्रकारलाई नजिक पर्न दिइदैनथ्यो । २०५२ सालमा सार्वजनिक लेखा समितिले पहिलो पटक समिति भित्र रिपोर्टिङका लागि औपचारिक आमन्त्रण गरेर पत्रकारलाई 'पदेन सदस्य' को हैसियत प्रदान गऱ्यो (थापा, २०७३) । संसद बैठकको रिपोर्टिङ गरिरहेका पत्रकारले संसदीय समितिमा समेत पहुँच पाए । मिनी संसदका नामले चिनिने समिति समाचारका खानी हुन् । समितिमा गहन, छलफल, बहस भएपछि मात्र अधिकांश विषयले मूल बैठकमा प्रवेश पाउछन् । मिडियाले संसद्लाई निकै महत्व दिएको थियो । संसदको नेतृत्व समेत मिडियाको 'कभरेज' बाट सन्तुष्ट थियो । कानून निर्माण, संसद्मा हुने बहस, समितिका काम कारबाहीलाई मिडियाले महत्व दिएर संसद्को गरिमा बढाउने काम गरेको छ (ढुंगाना, २०७९ भदौ १६)। यो अवधिमा नेपाली प्रेसले आवाजविहिनहरुको आवाज प्रतिनिधित्व गर्ने, सरकार र संसदलाई जनताप्रति उत्तरदायी वनाउने तथा ठूला ठूला भ्रष्टाचार तथा अनियमतिताका घटना सार्वजनीक गर्दै संसदीय मामिलालाई पत्रकारिताको आकर्षक बिटका रुपमा स्थापित गर्न सक्यो (विरही, २०७९ भदौ ३) । २०५९ जेठ ८ गते तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गरी राजा ज्ञानेन्द्रले मुलुकको शासन सत्ता हातमा लिएर निरंकुश शासन शुरु गरेपछि मुलुक संसदविहीन वन्न पुग्यो ।

## पुनर्स्थापित संसद, संविधानसभा र संघिय संसदको अभ्यास

वि.सं.२०६२-०६३ को जनआन्दोलनको बलमा २०६३ बैसाख ११ गते राजा प्रतिनिधिसभा पुनर्स्थापना गर्न बाध्य बनाइए । प्रजातन्त्र पुनर्स्थापनासँगै मिडियाले सम्पादकीय स्वतन्त्रताको निर्वाध उपभोग गर्न पाए ( नेपाल, २०६५) । पुनर्स्थापित प्रतिनिधिसभासम्म आई पुग्दा संसदका सबै समितिमा पत्रकारका लागि खुल्ला गरिए र प्रेसको उपस्थिति बिना समितिको बैठक अर्थहीन हुन्छ भन्ने मान्यता स्थापित भएको छ (थापा, २०७३) ।

पुनर्स्थापित संसदले राजाका अधिकार कटौती गर्दै मुलुकलाई संविधानसभा निर्वाचन र गणतन्त्रको यात्रा तय गऱ्यो । यो कालखण्डमा नेपाली मिडियाले संसदका समाचारलाई सर्वाधिक महत्व दिएर राजतन्त्रको अन्त्य र गणतन्त्रका पक्षमा जनमत बनाउन भूमिका खेल्यो (नेपाल, २०७०) ।

संविधानसभा, हुदै संघीय र प्रादेशिक संसदको अभ्याससम्म आई पुग्दा नेपाली मिडियाहरुबीच संसदका सूचना र समाचार प्रवाहमा तिव्र प्रतिस्पर्धा चलेको छ (थापा, २०७९ साउन ७)। संसद्का महत्वपूर्ण घटनाहरू रेडियो, टेलिभिजन, अनलाइन तथा सामाजिक सञ्जालमा लाइभ हुन थालेका छन् । जनताका आवाज उठाउने, कानून वनाउने, सरकार वनाउने, करको दायरा निर्धारण गर्ने जस्ता मुख्य जिम्मेवारी संसद बहन गर्ने क्रममा संसद र सांसदहरुले गरेका कामलाई मिडियाले उच्च प्राथमिकता दिने गरेको छ । नेपाली प्रेसले संसदलाई निक्कै महत्व दिएर जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसदको गरिमा बढाउन ठूलो योगदान गरिरहेको छ (ढुंगाना, २०७९ भदौ १६) ।

## निष्कर्ष

नेपालले संसदीय अभ्यास थालेको आठ दशकको अवधिमा सूचना प्रविधिका क्षेत्रमा भएको क्रान्ति, मिडियामा वढ्दो लगानी, दक्ष जनशक्तिले प्रवेश, सचेत मिडिया उपभोक्ता र वजारको विस्तारका कारण पत्रकारिताको पहुँच र प्रभाव सशक्त र प्रभावकारी बनेको छ । संसदका पलपलका सूचना जनता समक्ष पुगिरहेको अवस्था छ । जसलाई सञ्चारको क्षेत्रमा भएको ठूलो क्रान्ति मान्नु पर्छ । यति हुँदाहुँदै पनि २००७ साल यताको नेपाली पत्रकारिता विभाजित छ । यसले पूर्ण रुपमा आफूलाई व्यवसायिक बनाउन सकेको छैन । व्यवसायिक प्रेसलाई अपवाद मान्ने हो भने अझै पनि अधिकांश मिडिया सरकार, पार्टी, गुट पक्षधर र अमुक नेताको पक्षधर भएर रिपोर्टिङ गर्ने रोगबाट मुक्त हुन सकेको छैन । विधि निर्माण गर्ने सर्वोच्च निकाय संसद्मा पछिल्लो समय पर्याप्त छलफल नगरी विधेयक पारित गर्ने, स्वार्थको द्वन्द्वबाट प्रभावित हुने, पहुँचवाला नेताको क्षेत्रमा मात्र बजेट वितरण गर्ने, गैरसंसदीय अभ्यास गर्ने, संसदीय परम्परा र संस्कार विपरीत कामकारवाही गर्ने प्रवृत्ति मौलाउँदै गएको छ । यस्ता गल्ती औंल्याउने दायित्वबाट मिडिया समेत चुकेको देखिन्छ । राज्यको चौथो अङ्ग प्रेसले संसद्का राम्रा कामलाई साथ दिने, संसदीय अभ्यासलाई बलियो बनाउन उसका काम कारवाही माथि निगरानी गर्ने, कमीकमजोरी सच्याउन सचेत गराउने भूमिकाबाट च्यूत हुने हो कि भन्ने चिन्ता बढ्न थालेको छ । मिडिया हाउसहरुमा संसद नवुझेका नयाँ पत्रकारलाई एकै पटक संसदीय बिटको जिम्मेवारी दिने प्रवृत्ति हावी हुदै जानु, संसदीय रिपोर्टिङको अनुभव लिँदालिदै कतियको बिट परिवर्तन हुनु, संसदीय प्रक्रिया नबुझेका पत्रकारले गहन विषयमा सतही रिपोटिङ् गर्नु आदि कारण मिडिया आफ्नो दायित्वबाट चुकेको देखिन्छ ।

## सन्दर्भ समाग्री सूची


अधिकारी, ध्रुवहरि (वि. सं. २०७३).जनप्रतिनिधि संस्थामा पत्रकारको पहुँच. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

अधिकारी, सूर्यमणि ( वि. सं. २०७१). *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास.* निराला पव्लिकेशन ।

खरेल, पी. (वि. सं. २०७३). संसद, सांसद र समाचार. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

गौतम, राजेश (वि. सं. २०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* श्रीराम श्रेष्ठ र कृष्णमुरारी अधिकारी ।

ढुंगाना, दमननाथ (वि. सं.२०७३). *नेपालको संसदीय व्यवस्था.* संसदीय पत्रकारिता. (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

थापा, हरिबहादुर (वि.सं. २०७३). *संसद् र मिडिया : लोकतन्त्रका दुई खम्बा.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

दाहाल, काशीराज (वि. सं.२०६८). *आमसञ्चार र कानुन.* नेपाल प्रेस इन्टिच्यूट ।

नेपाल, किशोर (वि.सं.२०५७). *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म, नेपाली पत्रकारिताको विकास र प्रभाव.* व्यवसायिक पत्रकारिता प्रतिष्ठान ।

नेपाल, जगत (वि.सं. २०६५). कान्तिपुर टेलिभिजनका पाँच वर्ष. *मिडिया भिजन.* (खड्का, अर्जुन सं). कान्तिपुर टेलिभिजन कर्मचारी संघ ।

नेपाल, जगत (वि.सं.२०७०). नेपालमा टेलिभिजन. *मिडिया रिडर.* (अर्याल, दिपक र अरुहरू सं.). जगदम्बा प्रकाशन ।

नेपाल, जगत (वि.सं.२०७२). पहिलो संसद. *बीपी महेन्द्र टकराव.* साग्रिला बुक्स ।

नेपाल, जगत (वि.सं.२०७३). पहिलो निर्वाचित संसद. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

विरही, हरिहर (वि.सं.२०६०). *प्रकाशनको दिग्दर्शन.* चौथो संस्करण. प्रेस काउन्सिल नेपाल ।

भण्डारी, अर्जुन (२०७३). बेलायतमा संसदीय रिपोटिङ. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

रिसाल, भैरव (२०७३). पहिलो संसद्मा रिपोटिङ. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

रिसाल, भैरव (वि.सं.२०७९ असार). *उहिलेको पत्रकारिता.* (सुरेश आचार्य र अरुहरू सं.). आन्तरिक मामिला तथा कानून मन्त्रालय सञ्चार रजिष्ट्रारको कार्यालय ।

सुवेदी, विष्णु (वि.सं.२०७३). संसदको विकास र पत्रकारिता. *संसदीय पत्रकारिता.* (फुँयाल, राजेन्द्र सं.). संसदीय मामिला पत्रकार समाज ।

शर्मा, ढुण्डिराज (वि.सं.२०१६). *पार्लियामेन्ट र सल्लाहकारसभा.* नेपाल एकेडेमी, साहित्य विभाग ।

सत्याल, जीवनलाल (वि.सं. २०४८). *संसद् भित्र.* संसद सचिवालय

Peter, D. G. Thomas (2016). *The beginning of parliamentary reporting in newspapers*.1768-1774. *The English Historical Review*, *74*(293), 623–636. http://www.jstor.org/stable/558885

Mc Quail, D. (2067). *Mass Communication Theory*. SAGE Publication India Pvt Ltd.

## अन्तर्वार्ता

ढुंगाना, दमननाथ (२०७९ भदौ १६) मा गरिएको अन्तवार्ता, ढुंगाना संसदका पूर्व सभामुख हुन् ।

थापा, हरिबहादुर (२०७९ साउन ७) मा गरिएको अन्तवार्ता, थापा संसदीय मामिला पत्रकार समाजका पूर्व अध्यक्ष हुन् ।

रिसाल, भैरव (२०७९ भदौ २) मा गरिएको अन्तवार्ता, रिसाल सल्लाहकारसभा देखि संसदको रिर्पोटिङ गरेका पत्रकार हुन् ।

विरही, हरिहर (२०७९ भदौ ३) मा परिएको अन्तवार्ता, विरही नेपाल प्रेस काउन्सिलका पूर्व अध्यक्ष हुन् ।

श्रेष्ठ, सूर्यप्रसाद श्रेष्ठ (२०७६ असार ११) मा गरिएको अन्तवार्ता । पूर्व प्रमुख निर्वाचन आयुक्त श्रेष्ठ २०१५ सालमा संसदको रिपोटिङ शाखामा कार्यरत थिए ।